# आकाशवाणी समाचार
**13th of May 2026 (Wednesday)**

**मुख्य समाचार** :-

- **इन्धन बचत र वातावरण संरक्षणमा प्रधानमन्त्री मोदीको जोड ।।**
- **प्रधानमन्त्री मोदी शुक्रबारदेखि पाँच देशको भ्रमणमा जाने ।।**
- **ठूला वन्य बिरालो संरक्षणबारे देशभर विशेष कार्यक्रम आयोजना गरिने ।।**
- **नयाँ डिजिटल प्लेटफर्म र आईपी क्याटालिस्ट सार्वजनिक ।।**
- **पश्चिम बंगालमा अवैध टोल गेट र ब्यारेकेड हटाउन निर्देशन ।।**

**प्रधानमन्त्री Narendra Modi**

प्रधानमन्त्री मोदीले आन्तरिक भ्रमणमा सवारी काफिलाको आकार घटाउनुभयो प्रधानमन्त्री Narendra Modi ले हालैका आन्तरिक भ्रमणहरूमा आवश्यक सुरक्षा व्यवस्था यथावत राख्दै आफ्नो सवारी काफिलाको आकार उल्लेखनीय रूपमा घटाउनुभएको छ। यो कदम पश्चिम एशियाको संकटका बीच आयातित इन्धनमा निर्भरता घटाई वातावरणमैत्री विकल्प अपनाउन नागरिकलाई गरिएको सात बुँदे अपिलसँग सम्बन्धित रहेको बताइएको छ। यसैगरी, केन्द्रीय गृहमन्त्री Amit Shah ले पनि आफ्नो सवारी काफिलाको आकार आधाभन्दा कम बनाउँदै प्रधानमन्त्रीको आह्वानलाई समर्थन गर्नुभएको छ ।

**Sibi George**

प्रधानमन्त्री Narendra Modi शुक्रबारदेखि यूएई, Netherlands, स्वीडेन, नर्वे र इटालीको छ दिनको भ्रमणमा जानुहुनेछ। विदेश मन्त्रालयका अधिकारी Sibi George का अनुसार भ्रमणको पहिलो चरणमा उहाँ यूएई पुगेर राष्ट्रपति Mohamed bin Zayed Al Nahyan सँग भेट गर्नुहुनेछ। भेटमा ऊर्जा सहयोगसहित आपसी हितका विषयमा छलफल हुने बताइएको छ। **उहाँले थप भन्नुभयो**

**Ministry of Environment, Forest and Climate Change**

Ministry of Environment, Forest and Climate Change ले भारतमा ठूला वन्य बिरालो संरक्षणसम्बन्धी उपलब्धि उजागर गर्न तथा International Big Cat Alliance का उद्देश्य प्रवर्द्धन गर्न देशभर विशेष कार्यक्रम आयोजना गर्ने भएको छ। आईबीसीए शिखर सम्मेलन 2026 अघि आयोजना हुने यी कार्यक्रमहरू बाघ, एसियाली सिंह, चितुवा, हिमचितुवा र चिताजस्ता पाँच प्रमुख वन्य बिरालो प्रजातिमा केन्द्रित रहनेछन्। गुजरात, मध्यप्रदेश, ओडिशा, Sikkim र महाराष्ट्रलगायत विभिन्न राज्यमा हुने कार्यक्रममार्फत संरक्षण प्रयास, चुनौती तथा केन्द्र–राज्य सहकार्यबारे जानकारी दिइनेछ ।

**S. Krishnan**

S. Krishnan ले आज नयाँ दिल्लीमा आईपी क्याटालिस्ट र डिजिटल प्लेटफर्म सार्वजनिक गर्नुभएको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयका अनुसार यो कार्यक्रम 'पेटेन्टदेखि उत्पादनसम्म' भन्ने विषयमा आयोजना गरिएको हो। कार्यक्रममा भारतमा इलेक्ट्रोनिक्स र आईटी क्षेत्रमा पेटेन्ट दर्ता बढ्दै गएको जानकारी दिइयो। श्री कृष्णनले आईपी क्याटालिस्टले नयाँ आविष्कारलाई प्रविधि र उत्पादनमा बदल्न मद्दत गर्ने बताउनुभयो। मन्त्रालयका अनुसार नयाँ डिजिटल प्लेटफर्मले अनुसन्धान, पेटेन्ट र प्रविधि बजारसम्म पुऱ्याउन सहयोग गर्नेछ।

**मुख्य सचिव Manoj Kumar Aggarwal**

West Bengal सरकारका मुख्य सचिव Manoj Kumar Aggarwal ले राज्यभर अवैध रूपमा सञ्चालन भएका टोल गेट, ड्रप गेट, ब्यारेकेड तथा शुल्क संकलन केन्द्रहरू तत्काल हटाउन निर्देशन दिनुभएको छ। जारी आदेशअनुसार सम्बन्धित जिल्ला प्रशासनलाई त्यस्ता अवैध संरचना पहिचान गरी बन्द गर्न, पुनः सञ्चालन हुन नदिन तथा अवैध शुल्क संकलन तुरुन्त रोक्न भनिएको छ। साथै, सबै वैध र अवैध संकलन केन्द्रहरूको विवरण 15मेभित्र पेश गर्न निर्देशन दिइएको छ।

## Ashwini Vaishnaw

केन्द्रीय मन्त्रिपरिषद्ले बजार सिजन २०२६–२७ का लागि 14 वटा खरीफ बालीको न्यूनतम समर्थन मूल्य वृद्धि गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकपछि सञ्चारमाध्यमसँग कुरा गर्दै Ashwini Vaishnaw ले किसानहरूले आफ्नो उत्पादनको उचित तथा लाभदायक मूल्य प्राप्त गर्न सकून् भन्ने उद्देश्यले खरीफ बालीको न्यूनतम समर्थन मूल्य बढाइएको बताउनुभयो। **उहाँले थप भन्नुभयो**

## Ministry of Minority Affairs

Ministry of Minority Affairs ले भोलि नयाँ दिल्लीमा 'भागीदारी से भाग्योदय' दृष्टिकोणअन्तर्गत 'विकसित भारतका लागि एआईमार्फत समावेशी विकास' विषयमा राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ। मन्त्रालयका अनुसार सम्मेलनको उद्देश्य समावेशी शासन सुदृढ गर्नु, नीतिको पहुँच विस्तार गर्नु तथा अल्पसंख्यक समुदायका लागि प्रविधिमा आधारित कल्याणकारी कार्यक्रमलाई प्रवर्द्धन गर्नु हो। सम्मेलनमा केन्द्र–राज्य समन्वय, उत्कृष्ट अभ्यास आदान–प्रदान तथा योजनाको प्रभावकारी कार्यान्वयनबारे छलफल गरिनेछ।

## Central Board of Secondary Education

Central Board of Secondary Education ले आज कक्षा 12 को बोर्ड परीक्षाको नतिजा सार्वजनिक गरेको छ। विद्यार्थीहरूले आधिकारिक वेबसाइट, डिजिलकर र उमंग एपमार्फत रोल नम्बर प्रयोग गरेर नतिजा हेर्न सक्नेछन्। यस वर्ष परीक्षामा 17 लाख 38 हजारभन्दा बढी विद्यार्थी सहभागी भएका थिए। जसमध्ये 15 लाख 7 हजारभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन्। यस वर्ष कुल उत्तीर्ण प्रतिशत 85 दशमलव 20 रहेको छ। छात्राको उत्तीर्ण प्रतिशत 88 दशमलव 86 र छात्रको 82 दशमलव 16 प्रतिशत रहेको छ।

## Sergey Lavrov

Sergey Lavrov ले भारतसँग भएको ऊर्जा आपूर्ति सम्झौता निरन्तर जारी रहने बताउनुभएको छ। उहाँले बाह्य प्रतिस्पर्धाले भारत–रूस सम्झौतामा असर नपार्ने उल्लेख गर्नुभयो। उहाँले तमिलनाडुस्थित Kudankulam Nuclear Power Plant परियोजनामा रूसको सहयोग जारी रहेको र नयाँ ऊर्जा इकाइ निर्माणको काम अगाडि बढिरहेको जानकारी दिनुभयो। साथै, रूसले भारतलाई ग्यास, तेल र कोइला आपूर्ति पनि जारी राख्ने बताएको छ।

## अछाममा श्री बसुकी माध्यमिक विद्यालय भवन निर्माणको शिलान्यास

नेपालको सुदूरपश्चिम प्रदेशअन्तर्गत अछाम जिल्लाको मेल्लेख गाउँपालिकास्थित श्री बसुकी माध्यमिक विद्यालय भवन निर्माणको शिलान्यास आज सम्पन्न भएको छ। शिलान्यास Narayan Singh र मेल्लेख गाउँपालिकाका अध्यक्ष Jwala Singh Saud ले संयुक्त रूपमा गर्नुभएको हो। विद्यालय भवन भारत सरकारको करिब 3 करोड 80 लाख नेपाली रुपैयाँ आर्थिक सहयोगमा निर्माण हुन लागेको हो। स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरूले भारत सरकारको सहयोगप्रति आभार व्यक्त गर्दै नयाँ भवनले विद्यार्थी र शिक्षकका लागि राम्रो शैक्षिक वातावरण निर्माण हुने विश्वास व्यक्त गरेका छन्। भारत र नेपालबीच शिक्षा लगायत विभिन्न क्षेत्रमा सहकार्य जारी रहेको छ।

## इन्डियन प्रिमियर लिग

आईपीएल क्रिकेटमा अहिले रायपुरको Shaheed Veer Narayan Singh International Cricket Stadium मा Royal Challengers Bengaluru र Kolkata Knight Riders को खेल शुरु भएको छ। हिजो, अहमदाबादको Narendra Modi Stadium मा Gujarat Titans ले Sunrisers Hyderabad लाई 82 रनले पराजित गर्दै अंक तालिकाको शीर्ष स्थान हासिल गरेको थियो।

## मुख्य समाचार फेरि एकपल्ट

- **इन्धन बचत र वातावरण संरक्षणमा प्रधानमन्त्री मोदीको जोड ।।**
- **प्रधानमन्त्री मोदी शुक्रबारदेखि पाँच देशको भ्रमणमा जाने ।।**
- **ठूला वन्य बिरालो संरक्षणबारे देशभर विशेष कार्यक्रम आयोजना गरिने ।।**
- **नयाँ डिजिटल प्लेटफर्म र आईपी क्याटालिस्ट सार्वजनिक ।।**
- **पश्चिम बंगालमा अवैध टोल गेट र ब्यारेकेड हटाउन निर्देशन ।।**